प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०८१/०८२ मा प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम र कोटाहरुमा पूर्ण शूल्कीय तर्फ प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०८१।०३।१५ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरुको शैक्षिक सत्र २०८१/०८२ मा परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका आंगिक, साझेदार, सामूदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) र नीजि स्तरमा संचालित शिक्षालयहरुले परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिकाहरु २०८१ बमोजिम पूर्ण शुल्कीय तर्फका यस कार्यालयको वेवसाइट www.ctevtexam.org.np मा विस्तृत रुपमा प्रकाशित शिक्षालयका स्वीकृत कार्यक्रम र कोटाहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुबाट मिति २०८१ श्रावण १३ गते भित्र रितपूर्वक आवेदन फाराम भर्नु भराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

एस.ई.ई/एस.एल.सी/प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी तह उत्तीर्ण भएका बिद्यार्थीहरुले पेश गरेका शैक्षिक योग्यता वापत प्रदान गरिने अंक र प्रवेश परीक्षामा प्राप्त गरेको अंकको योगफल अनुसार कार्यक्रम र कोटाहरुमा योग्यताक्रमानुसार छनौट हुने व्यहोरा अनुरोध छ । साथै यस सम्वन्धी विस्तृत विवरण प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिकाहरु २०८१ मा उल्लेख गरिएको हुंदा www.ctevtexam.org.np मा राखिएको भर्ना सम्वन्धी निर्देशिकाहरु अध्ययन गर्नु हुन समेत अनुरोध छ ।

**बिस्तृत सूचना तथा भर्ना सम्वन्धी निर्देशिकाहरु, २०८१ www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**